**लुम्विनी चिनी कारखाना लि. को निजीकरण सम्बन्धी सम्झौताका शर्तहरु तथा संक्षिप्त विवरण निजीकरण ऐन, २०५० को दफा ११(४) को प्रयोजनको लागि प्रकाशित गरिएको छ ।**

## क. लुम्विनी चिनी कारखाना लि. को संक्षिप्त विवरण

दैनिक १००० टन उखू पेलि बार्षिक १०,००० मेट्रिक टन चिनी उत्पादन गरी बिक्रि वितरण गर्ने बाई प्रोडक्ट खुदोबाट रेक्टिफाईड स्प्रिट दैनिक १२,००० लिटर उत्पादन गरी बिकी गर्ने उद्देश्यले श्री ५ को सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन अन्तर्गत वि.सं २०३९ सालमा स्थापना भई वि.सं. २०४६ सालदेखि व्यवसायिक उत्पादन शुरु गरेको यो कारखाना मीत्र राष्ट्र चीन सरकारको बित्तीय एवं प्राबिधिक सहयोगमा स्थापना भएको हो । कारखानामा करिब ९०० कर्मचारी/कामदार कार्यरत रहेका थिए । श्री ५ को सरकार (मं.प.) बाट मिति २०६२।३।२९ मा यस कारखानालाई निजीकरण ऐन, २०५० को दफा-१६ अनुसार खारेज गर्ने र कारखानामा कार्यरत कामदार/कर्मचारीहरुलाई कम्पनीको नियमावली/विनियमावलीमा उल्लेख भए अनुसारको सुविधाका अतिरिक्त प्रत्येक वर्ष कारखानामा स्थायी भई काम गरेको सेबा अवधिको १ महिना बराबरको शुरु तलब थप सुविधा दिने गरी २०६२ भाद्र १ गते देखि अवकास दिने निर्णय भएको ।

## ख. निजीकरण प्रकृया :

श्री ५ को सरकारले अवलम्बन गरेको निजीकरण कार्यक्रम अनुसार यस कम्पनीको नाममा रहेको सम्पूर्ण जग्गा र भवनहरु न्यूनतम २५ (पच्चिस) वर्षको लागि निजी क्षेत्रलाई चिनी उत्पादन प्रयोजनको लागि भाडामा दिने र चिनी उत्पादन गर्ने मेशिन लगायतका उपकरणहरु सहित अन्य सबै सम्पत्तिहरु निजीकरण ऐन, २०५० को दफा ८ को खण्ड (ग) अनुसार बेच बिखन गरी निजीकरण गर्ने गरी श्री ५ को सरकार (मं.प.) बाट मिति २०६२।३।२९ मा निर्णय भएकोमा मिति २०६२।५।२१ मा प्राविधिक र वित्तीय प्रस्ताव छुट्टा छुट्टै माग गरी प्रस्ताव आव्हान गरिएकोमा प्रस्ताव प्रस्तुत गर्ने अन्तिम मिति अर्थात २०६२।७।३ सम्ममा निम्नानुसारका प्रस्तावकले प्रस्ताब पेश गरेका थिए ।

१. श्री हुलास वायर ईन्डष्ट्रिज (प्रा.) लि.
२. श्री अन्नपुर्ण भेजिटेवल प्रोडक्टस् (प्रा) लि.
३. श्री आर.आर.पि. ईन्टरप्राईजेज
४. श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा) लि.

उपरोक्तानुसार प्राप्त हुन आएका प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव खोली प्राविधिक रुपमा सक्षम लगानीकर्ताहरुको पूर्व योग्यता **(Pre-qualification)** सूची तयार पार्ने र यसरी पूर्व योग्यतामा (**Pre-qualified)** परेका लगानीकर्ताहरुको मात्र वित्तीय प्रस्ताव खोली मूल्याङ्कन गर्ने प्रावधान राखिएको थियो । प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय संस्थान समन्वय महाशाखाका प्रमुख, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव (कानून विज्ञ), चार्टर्ड एकाउण्टेण्ट र मेकानिकल इन्जिनियर समावेश भएको समितिको गठन गरिएको थियो भने वित्तीय प्रस्ताव मूल्याङ्कन गर्न अर्थ मन्त्रालयको सचिवको संयोजकत्वमा कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव, श्रम तथा यातयात व्यवस्था मन्त्रालयका सचिव तथा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव समावेश भएको समिति गठन गरिएको थियो ।

यसरी प्राप्त ४ वटा प्रस्तावकका प्राविधिक प्रस्तावहरु मूल्यांकन हुँदा देहायका ३ वटा प्रस्तावहरु प्राविधिक रुपमा सक्षम देखिएका थिए ।

१. श्री हुलास वायर ईन्डष्ट्रिज (प्रा.) लि.
२. श्री आर.आर.पि. ईन्टरप्राईजेज
३. श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा) लि.

प्राविधिक रुपमा सक्षम देखिएका प्रस्तावकहरुको मात्र वित्तीय प्रस्ताव खोलि मूल्यांकन गरिएकोमा श्री हुलास वायर ईन्डष्ट्रिज (प्रा.) लि.ले सम्पति खरिद मूल्य किस्ताबन्दीमा भुक्तानी गर्ने,भबनहरुको मर्मत सम्भारको खर्च भाडा रकममा घटाउने, यस कारखानाको २५ कि.मि. क्षेत्र भित्र नयां चिनी कारखानालाई इजाजत नदिने आदि जस्ता शर्त राखेकोले सो Information Memorendum and Bid Documents को अनुकुल नभएकोले Non-Responsive भएको हुदा देहायका २ वटा प्रस्तावहरु वित्तीय रुपमा सक्षम देखिएकाले यी प्रस्ताबहरुको मात्र बिस्तृत मूल्यांकन गरिएको थियो ।

१. श्री आर.आर.पि. ईन्टरप्राईजेज
२. श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा) लि.

सम्पति खरिद मूल्य बापत श्री आर.आर.पि. ईन्टरप्राईजेजले रु २,३०,०६,०००।- र श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा) लि.ले रु ७,८६,००,०००।- प्रस्ताव गरेको र भाडाको सम्वन्धमा निम्नानुसार प्रस्ताब गरेका थिए ।

श्री आर.आर.पि. ईन्टरप्राईजेज :

| बर्ष | भाडा रकम (रु) |
|---|---|
| १ | ३०,००,०००।- |
| २ | ३३,००,०००।- |
| ३ | ३६,३०,०००।- |
| ४ | ३९,९३,०००।- |
| ५ | ४३,९२,०००।- |
| ६ | ४८,३२,०००।- |
| ७ | ५३,१५,०००।- |
| ८ | ५८,४६,०००।- |
| ९ | ६४,३१,०००।- |
| १० | ७०,७४,०००।- |
| ११ | ७७,८१,०००।- |
| १२ | ८५,५९,०००।- |
| १३ देखि २५ | ८६,००,०००।- प्रति बर्ष |

श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा) लि ले प्रति वर्ष रु. ४२,१२,०००।-

प्रस्तावकहरुले प्रस्तुत गरेको २५ बर्षको भाडा रकमलाई **Information Memorendum and Bid Documents** मा उल्लेख गरिएको प्राबधान **"Lease rentals shall be discounted at a rate which shall be an average of the prevailing market rates used by the commercial banks for working capital financing on the date of selection of preferred bidder."** अनुसार वर्तमान मूल्यमा गणना गर्दा निम्नानुसार देखिएको ।

| सि.न. | प्रस्तावकको नाम | सम्पत्ति खरिद मूल्य रु | २५ बर्षको भाडा रु वर्तमान मूल्यमा | जम्मा रु |
|---|---|---|---|---|
| १. | श्री आर.आर.पि. ईन्टरप्राईजेज | २,३०,०६,०००।- | ५,४७,७३,७५६।०९ | ७,७७,७९,७५६।०९ |
| २. | श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा) लि. | ७,८६,००,०००।- | ४,०५,६२,३१९।३५ | ११,९१,६२,३१९।३५ |

(बित्तीय प्रस्ताब मूल्यांकनमा **Non-Responsive** पाईएको श्री हुलास वायर ईन्डष्ट्रिज (प्रा.) लि सम्पत्ति खरिद मूल्य रु ५,६६,९७,६१०। र २५ बर्षको भाडा रकम वर्तमान मूल्यमा रु ४,५०,१३,९१९।४४ गरि जम्मा रु १०,१७, ११,५२९।४४ प्रस्ताब गरेको । )

बित्तीय प्रस्ताव मूल्याङ्कनको आधारमा **श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा) लि.**ले प्रस्ताव गरेको मूल्य बढी एवं आकर्षक देखिएकोले निजीकरण समितिबाट निज प्रस्ताबकलाई **Preferred Bidder** तोकि सम्पत्ति बिक्री तथा भाडामा दिन श्री ५ को सरकार (मं.प.) मा सिफारिस गरेकोमा श्री ५ को सरकार (मं.प.) बाट मिति २०६२।९।१४ मा स्वीकृति प्राप्त भएको थियो ।

## ग. सम्पत्ति बिक्री र पट्टामा दिने सम्बन्धी भुक्तानीका शर्तहरु

१. प्रस्तावकले कबोल गरेको कारखानाको मेशिनलगायत सम्पत्ति बिक्री मूल्य रु. ७,८६,००,०००।- भएकोमा सो रकम मिति २०६२।९।५ र २०६२।९।१९ मा प्राप्त भैसकेको छ ।

२. कारखानाको जग्गा र भवनको प्रति बर्षको भाडा रकम रु ४२,१२,०००।- कबोल गरेकोमा प्रत्येक बर्षको भाडा रकम अग्रिम रुपमा बुझाउनु पर्ने शर्त अनुरुप प्रथम बर्षको भाडा वापतको रकम मिति २०६२।९।२१ मा प्राप्त भैसकेको छ ।

३. भाडा रकम अग्रिम रुपमा तिर्नु पर्ने र आगामी अर्को बर्षको भाडा रकम बराबरको बैक ग्यारेण्टी पेश गर्नू पर्ने ब्यबस्था गरिएको छ ।

## घ. सम्झौताका शर्तहरु

१) सम्झौता भएको मितिले ३० दिनभित्र समापन सम्पन्न गरिने व्यवस्था गरिएको ।

२) सम्पत्ति खरीदकर्ताले कम्पनीका सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अबस्थामा बुझ्नु पर्ने प्रावधान रहेको ।

३) हस्तान्तरण गर्दा फरक परेको सम्पत्तिको मूल्याङ्कन श्री ५ को सरकारद्वारा नियुक्त स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराई प्रतिवेदन प्रांप्त भएको १ महिनाभित्र हिसाव राफसाफ गर्ने प्रावधान रहेको ।

४) पट्टा सम्झौतामा पट्टामा दिनेवालाको लिखित पूर्व स्वीकृति विना पट्टामा लिनेवालाले भवन तथा जग्गाको प्रयोग **Permittd Use** बाहेक अन्य कुनै प्रयोजनको निमित्त प्रयोग गर्न नपाउने ब्यबस्था रहेको ।

५) पट्टा सम्झौताको अवधि समाप्ती पछि दुवै पक्षहरुको आपसी सहमतिले अर्को अवधिसम्मका लागि नवीकरण गर्न सकिने प्रावधान राखिएको ।

६) भाडामा लिएको भवन र जग्गाको मर्मत सम्भार तथा सेवा वापत तिर्नुपर्ने रकमहरु भाडामा लिनेले व्यहोर्ने ब्यवस्था गरिएको ।

७) भाडामा लिएको भवन एवं जग्गाको अवस्थाको बारेमा भाडामा लिने पक्षले श्री ५ को सरकारलाई वार्षिकरुपमा प्रतिवेदनमार्फत् जानकारी गराउनुपर्ने र श्री ५ को सरकारका प्रतिनिधिले कारखानाको प्रगति, भाडामा दिइएको सम्पत्तिको अवस्थाको बारेमा निरीक्षण गर्न सक्ने ब्यवस्था गरिएको ।

८) कारखाना हस्तान्तरण गर्नुभन्दा अगाडिको कर्मचारी लगायत्को सम्पूर्ण दायित्व श्री ५ को सरकारले व्यहोरेको ।

कारखानाको सम्पत्ति खरीद बिक्री सम्झौता र जग्गा एवं भवन भाडामा दिने पट्टा सम्झौतामा आज मिति २०६२।९।२४ गते आईतवार तदनुसार ८ जनवरी २००६, का दिन अर्थ मन्त्रालयमा माननीय अर्थ राज्यमन्त्रीज्यूको उपस्थितिमा सम्झौताहरुमा हस्ताक्षर गरियो । यी सम्झौताहरुमा श्री ५ को सरकारको तर्फबाट अर्थ मन्त्रालयका सचिव श्री भानुप्रसाद आचार्य र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री भरतबहादुर थापा र श्री श्रीकृष्ण आयल रिफाईनरी एण्ड भेजिटेवल घि ईन्डष्ट्रिज (प्रा) लि. का तर्फबाट संचालक श्री मनिषकुमार अग्रवालले हस्ताक्षर गर्नु भएको थियो ।

कारखाना सञ्चालनमा निजीक्षेत्रको सहभागितालाई श्री ५ को सरकारले निजीकरण प्रक्रियाको उल्लेखनीय उपलब्धी मानेको छ । यसर्थ यस कारखानाको निजीकरण प्रक्रियामा समावेश भएका सवै बोलपत्रदाताहरु, कारखानाका कामदार/कर्मचारी लगायत संलग्न निकाय एवं व्यक्तिहरु प्रति श्री ५ को सरकार आभार व्यक्त गर्दछ । बन्द रहेको यस कारखाना यसै सिजनमा संचालन गरी त्यस क्षेत्रको आर्थिक विकासमा उल्लेखनिय योगदान पुग्ने कुरामा श्री ५ को सरकार आशावादी रहेको छ । साथै श्री ५ को सरकारले अवलम्बन गरेको निजीकरण कार्यक्रममा भविष्यमा पनि निजी क्षेत्रको यस्तै सक्रिय सहभागिता हुने कुरामा श्री ५ को सरकार विस्वस्त रहेको छ ।

श्री ५ को सरकार<br>
अर्थ मन्त्रालय<br>
निजीकरण इकाई, सिंहदरवार<br>
२०६२।९।२४ (८ जनबरी २००६)